SHANTI JOURNAL
A Multidisciplinary Peer Reviewed Journal

**SHANTI JOURNAL :** A Multidisciplinary Peer Reviewed Journal
Print ISSN: 2961x1601: E-ISSN: 2961-161x
ejournal Site: www.nepjol.info/index.php/shantij
• Peer-Reviewed, Open access Journal
•Indexed in Nepjol

**BISHWA SHANTI CHIRAN-MILAN CAMPUS**
**URL:**
www.bishwashanticampus.edu.np

# लेखनाथका कवितामा पूर्वीय दर्शनको पृष्ठभूमि र अन्तर्विकास

नेत्रप्रसाद न्यौपाने
उप-प्रध्यापक
विश्वशान्ति चिरन-मिलन क्याम्पस

**Article History: Submitted** 30 January **Reviewed** 15 Februray **Revised** 12 March

**Corresponding Author:** नेत्रप्रसाद न्यौपाने **E-mail:** netraneupane1971@gmail.com

Copyright 2023 © The Author(s). The publisher may reuse published articles with prior permission of the concerned author(s). The work is licensed a Creative Commons Attribution-NonCommercial 4.0 International License . www.nepjol.info/index.php/shantij

## लेखसार

*प्रस्तुत लेख लेखनाथ पौड्यालका कवितामा पूर्वीय दर्शनको पृष्ठभूमि र अन्तर्विकाससँग सम्बन्धित छ । विषयवस्तुअनुसार यस लेखको शीर्षक लेखनाथका कवितामा पूर्वीय दर्शनको पृष्ठभूमि र अन्तर्विकास राखिएको छ । पूर्वीय दर्शनसँग सम्बन्धित विषयलाई मुख्य केन्द्रविन्दु मानेर लेखनाथका सीमित फुटकर कविताहरूको विश्लेषण गरिएको छ । पौड्यालका फुटकर रचनाका सन्दर्भमा प्रशस्तै खोज, अनुसन्धान भए पनि उनका कवितामा पूर्वीय दर्शनको पृष्ठभूमि के हो र कविताभित्र पूर्वीय दर्शन कसरी विकसित हुँदै गएको छ भन्ने विषयमा आधिकारिक अनुसन्धान भएको छैन । तसर्थ लेखनाथका कवितामा पूर्वीय दर्शनको पृष्ठभूमि के हो र उनका कवितामा पूर्वीय दर्शनको अन्तर्विकास कसरी हुँदै गएको छ भन्ने मूल समस्याको समाधेय पक्ष नै यस लेखको निष्कर्ष हो । सामग्री सङ्कलनका रूपमा पुस्तकालय कार्यको अवलम्बन गरिएको यस लेखमा लेखनाथका 'वियोगिनी विलाप,' 'वर्षा विचार', 'कवि कवितालाप', 'ईश्वर स्तुति पद्य' १, 'नैतिक दृष्टान्त', 'विज्ञानको मोह', 'गौँथलीको चिरिबिरी' र 'आखिरी कविता' जस्ता फुटकर कविताहरूलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने द्वितीयक स्रोतका रूपमा पूर्वीय दर्शनका सैद्धान्तिक कृति र लेखनाथका कवितामा विश्लेषण गरिएका अनुसन्धानमूलक लेख, शोधग्रन्थ, पत्रपत्रिका वा पुस्तकहरूलाई*

*आधार मानिएको छ । पूर्वीय दर्शनका मूलभूत मान्यताहरूलाई पृष्ठभूमि मानेर लेखनाथको बाल्यकाल, अध्ययन, शिक्षादीक्षासँग सम्बन्धित आधिकारिक प्रमाणका साथै उनका कविताहरूका पङ्क्तिहरूलाई दृष्टान्त दिएर पाठपरक विश्लेषण विधिको प्रयोग गरी यो लेख तयार पारिएको छ । लेखनाथ जीवनको प्रारम्भिक अवस्थादेखि नै पूर्वीय दर्शनका विविध पक्षहरूबाट प्रभावित देखिन्छन् । नैतिक पक्षमाथि बाल्यकालदेखि नै जोड दिँदै आएका लेखनाथको ६० बर्से लेखनयात्राको अधिकांश समय पूर्वीय दर्शनकै सेरोफेरोमा केन्द्रित रहेको छ । १९६३ को 'सुन्दरी' पत्रिकामा प्रकाशित 'कलिका विलासी' कविताबाट आध्यात्मिक पूर्वीय दर्शनका पक्षमा लेखकको कलम झुकेको छ । 'वर्षा विचार' सम्म आइपुग्दा लेखनाथमा पूर्वीय दर्शनले गहिरो प्रभाव पारिसकेको छ भने १९९१ पछिका कविता काव्यहरूमा उनी पूर्णतः पूर्वीय दर्शनकै पक्षधर बनेर दर्शनलाई उत्कर्ष विन्दुमा पुऱ्याउन सफल बनेका छन् । पूर्वीय दर्शनलाई परिपाकमा पुऱ्याउन 'तरुण तपसी' सर्वाधिक महत्त्वपूर्ण कृति मानिन्छ । जीवनको अन्तिम घडीमा आइपुग्दा 'आखिरी कविता' रचेर कविले आफूलाई आध्यात्मिक तथा पूर्वीय दर्शनका पक्षमा उभ्याएका छन् भन्ने निष्कर्षमा यो लेख केन्द्रित छ । लेखनाथका कविताहरूको विश्लेषणले उनी पूर्वीय दर्शनका सशक्त कवि हुन् र बाल्यकालबाट नै उनमा पूर्वीय दर्शनको प्रभाव रहँदै आएको प्रमाणित गरेको छ ।*

**शब्दकुञ्जी** : अणु, परमात्मा, ब्रह्म, मोक्ष, समाधि

## विषयपरिचय

लेखनाथ पौड्याल नेपाली कविता साहित्यमा आधुनिकताको जग बसाउने स्रष्टा हुन् । उनको जन्म वि.सं.१९४१ साल पौष १५ गतेका दिन भएको हो । (खनाल, २०५९, पृ. ३९-४०) राणा कालीन अवस्थामा स्वतन्त्र लेखन सहज नभएकाले प्रेमान्ध चकोर, चकोर, मधुकर, मधुकर नेपाल, प्रकाश, तुच्छ हिमविन्दु, विपन्न चातक, खुसीको कोकिल, वही श्री आदि छद्म नाम राखेर कृतिहरू रचना गरेका थिए । (खनाल, २०५९, पृ. ४१) आफ्नो बाल्यकाल पोखराको सुन्दर प्राकृतिक स्थलमा बिताएका लेखनाथमा विपुल हिमशृङ्खला र माछापुच्छ्रेको प्राकृतिक सौन्दर्यले गम्भीर प्रभाव पारेको छ ।

लेखनाथको काव्ययात्रा वि.सं.१९६१/६२ बाट प्रारम्भ भएर करिब ६० वर्षसम्म निरन्तर सक्रिय रहेको देखिन्छ । रानीपोखरी संस्कृत पाठशालामा अध्ययन गर्दा विद्यार्थी कालदेखि नै कविता विधाको लेखनबाट उनको काव्ययात्रा प्रारम्भ भएको हो । रानीपोखरी पाठशालामा पहिलोपल्ट *पाठशाला विशाला* नामक समास्यापूर्ति संस्कृत भाषाको कविता लेखेपछि उनको कवित्व प्रतिभाको बीजारोपण भएको हो । (त्रिपाठी, २०४६, : पृ. क) नेपाली भाषामा लेखिएका कविताहरूमध्ये '*कविता कल्पद्रुम*' (१९६१/६२) पत्रिकामा प्रकाशित *शृङ्गारपच्चीसी र मानसाकर्षिणी* उनका प्रारम्भिक कविताहरू हुन् । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिका र पुस्तकाकार कृतिहरूमा सङ्कलित छन् । पौड्यालका फुटकर रचनाहरूको सङ्गालो *लालित्य भाग १* (२०२४), *लालित्य भाग २* (२०४१), *कविशिरोमणि लेखनाथका प्रतिनिधि कविता संग्रह* (२०४२) र 'लेखनाथका प्रमुख कविता' (२०४६) हुन् । कविताबाहेक अन्य प्रशस्तै काव्यिक रचनाहरू प्रकाशित छन् ।

लेखनाथ पौड्यालका फुटकर कविताहरू शृङ्गारक धाराबाट प्रारम्भ भएर **आखिरी कविता** (२०२२) मार्फत् भक्तिधारामा अन्त्य भएको छ । पौड्यालका प्रारम्भिक अवस्थाका कविताहरूले माध्यमिक कालीन शृङ्गारधाराको मूल धारलाई नै समातेका छन् तर यस धारले उनलाई धेरै समयसम्म प्रभावित पार्न सकेको देखिँदैन । १९६३ सालमा प्रकाशित सुन्दरी पत्रिकाका कविताहरूबाट नै उनी शृङ्गारलाई त्यागेर शान्तरसतर्फ उन्मुख भएका हुन् । त्यसपछिका उनका फुटकर रचनालगायत अधिकांश काव्यात्मक कृतिहरूमा पूर्वीय दर्शनको प्रभाव रहेको छ । दर्शन जस्तो गम्भीर प्रकृतिको विषयलाई पनि लेखनाथले आफ्ना कविताभित्र सहज रूपमा समावेश गरेका छन् । शास्त्रीय छन्दमा आधारित उनका फुटकर कविताहरूमा प्रशस्तै खोज, अनुसन्धान भएका छन् । काव्यिकशास्त्रीय दृष्टिकोणबाट वा प्राकृतिक दृष्टिकोणबाट उनका फुटकर कविताहरूमा गहनतम अध्ययन, अनुसन्धान भए पनि पूर्वीय दार्शनिक दृष्टिकोणले उनका कविताहरूको अनुसन्धान भएको पाइँदैन । लेखनाथका कवितामा पूर्वीय दर्शनका विविध दृष्टिकोणसँग सम्बन्धित समालोचनात्मक लेखहरू पत्रपत्रिकाका रूपमा वा समालोचनात्मक कृतिका रूपमा प्रकाशित भएका छन् तर लेखनाथमा पूर्वीय दर्शनको प्रभाव कसरी पर्न गयो र उनका कवितामा पूर्वीय दर्शनका सैद्धान्तिक मान्यताहरूको अन्तरविकास कसरी हुँदै गयो भन्ने प्राज्ञिक जिज्ञासाका विषयमा कुनै अनुसन्धानात्मक कार्य नहुनु नै यस लेखको शोधअन्तराल हो । यही शोधअन्तरालभित्र केन्द्रित रहेर उनका केही कविताहरूलाई मुख्य सामग्रीका रूपमा लिइएको छ । लेखनाथका एक सय बिसभन्दा बढी कविताहरूमध्ये सबै कविताहरू पूर्वीयबाट प्रभावित छैनन् तर अधिकांश कविताहरू पूर्वीय दर्शनका विभिन्न पक्षबाट प्रभावित छन् । ती कवितामा पूर्वीय दर्शनको प्रभाव कसरी पर्न गयो र कवितामा त्यसको अन्तरविकास कसरी हुँदै गयो भन्ने प्राज्ञिक समाधेय विषयप्रति प्रस्तुत लेख केन्द्रित छ । यस लेखमा लेखनाथका पूर्वीय दर्शनबाट बढी प्रभावित *वियोगिनी विलाप* (१९६३), *वर्षा विचार* (१९६५-६६), *मनोलड्डु* (१९६९), *विचित्रवाहिनी* (१९६९), *कविकवितालाप* (१९६९), *ईश्वर स्तुति* (१९७२), *म कस्तो हूँ* (१९७३), *इन्द्रधनु* (१९७३), *नैतिक दृष्टान्त* (१९७४), *पिञ्जराको सुगा* (१९७४), *विरहिणीका उपर सखीको प्रश्न* (१९७४), *सन्ध्या* (१९८०), *जीवनचङ्गा* (१९९२), *कालमहिमा* (१९९२), *गौँथलीको चिरबिरी* १,२, (१९९२), *सत्य सन्देशहरू* (१९९५), *शिवपञ्चाशिका* (२०१०), *शेषशायी विष्णु* (२०१०), *वयोवृद्ध कोइलीको विलौना* (२०१७), *आखिरी कविता* (२०२२) आदि कविताहरूलाई प्राथमिक स्रोतका रूपमा ग्रहण गरी सम्बन्धित रचनामा मात्र पूर्वीय दर्शनका अभिलक्षणहरू खोजी गरिएको छ । लेखनाथका फुटकर कविताहरूलाई चरणगत रूपमा दुई चरणमा विभाजन गरी दार्शनिक अन्तरविकासको खोजी गरिएको छ ।

लेखनाथ कविता क्षेत्रलाई शृङ्गारिक युगबाट परिष्कारवादी युगमा प्रवेश गराउने स्रष्टा भएकाले नेपाली कविता विधामा उनको योगदान उल्लेखनीय छ तर पनि उनीभित्र पूर्वीय दर्शनको प्रभाव कसरी रह्यो कवितामा पूर्वीय दर्शन कसरी अन्तरविकसित हुँदै गयो भन्ने विषयमा अनुसन्धान हुनु अत्यावश्यक रहेको र लेखनाथका कवितामा दर्शनका प्रभावको खोजी गर्नु आफैँमा औचित्यपूर्ण छ । तसर्थ यस क्षेत्रमा कुनै पनि अनुसन्धानात्मक शोधकार्य नभएकाले शोधअन्तराल पहिचान गरी सोही जिज्ञासाको समाधानतर्फ यो लेख केन्द्रित छ ।

## समस्या कथन

प्रस्तुत लेख लेखनाथ कवितामा पूर्वीय दर्शनको पृष्ठभूमिमा केन्द्रित छ । लेखनाथमा पूर्वीय दर्शनप्रतिको आकर्षक कसरी बढ्न गयो भन्ने जिज्ञासा नै यस शोधको मूल समस्या हो । उनमा परेको दार्शनिक प्रभाव नै आफ्ना फुटकर कविताहरूमा प्रयोग गरेका हुन् । यसैको प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्यतर्फ यो लेख केन्द्रित छ । साहित्य समालोचनाका विभिन्न कोणहरूमध्ये लेखनाथले आफ्ना फुटकर कविताहरूमा पूर्वीय दर्शनलाई केकसरी संयोजन गरेका छन् भन्ने प्राज्ञिक जिज्ञासा नै यस लेखको समाधेय समस्या हो । उक्त मुख्य समाधेय समस्यामा केन्द्रित भई वस्तुगत, प्रामाणिक, तथ्यपरक एवं प्राज्ञिक समाधानमा पुग्न सकिएको छ । यस लेखका मुख्य समस्याहरूलाई तलका शोध प्रश्नहरूबाट अझ स्पष्ट पार्न सकिन्छ :

१. लेखनाथ पौड्यालमा पूर्वीय दर्शनको पृष्ठभूमि केकस्तो रहेको छ ?

२. लेखनाथका कवितामा पूर्वीय दर्शनको अन्तरविकासको अवस्था केकस्तो रहेको छ ?

## उद्देश्य

प्रस्तुत लेखमा लेखनाथमा पूर्वीय दर्शनले के कसरी छाप पार्न सकेको छ र त्यो पूर्वीय दर्शनको प्रभाव उनका फुटकर कवितामा के कसरी विकसित हुँदै गएको छ भन्ने शोध्य समस्याको वस्तुगत, तथ्यपरक, प्रामाणिक र प्राज्ञिक समाधान पहिल्याउने मूल उद्देश्य लिइएको छ । आत्मा, परमात्मा, कर्मवाद, सुख, दुःख, बन्धन, ज्ञान, अज्ञान, जन्म, पुनर्जन्म, मोक्ष, अहंकार, अणु, परमाणु, सृष्टि, जगत्, प्रकृति, पुरुष, ईश्वर, ब्रह्म, माया, सत्, चित्, योग, समाधि आदि विषयहरूमध्ये लेखनाथमा पूर्वीय दर्शनको प्रभाव पर्नुको पृष्ठभूमि र अन्तरविकासको खोजीमा केन्द्रित भई प्राज्ञिक समस्याको समाधेय विषयतर्फ उन्मुख रहने उद्देश्यका साथ लेखनाथमा पूर्वीय दर्शनप्रतिको आकर्षक बढ्नुको जिज्ञासा र शोधको मूल समस्यामा केन्द्रित भई प्राज्ञिक जिज्ञासाको समाधेय वस्तुगत, प्रामाणिक, तथ्यपरक एवं प्राज्ञिक समाधानमा पुग्नु यस लेखको समाधेय विषय हो र यस लेखको मूल उद्देश्य पनि यही नै हो ।

## सीमाङ्कन

प्रस्तुत लेखको विषय लेखनाथ पौड्यालमा पूर्वीय दर्शनको प्रभाव र उनका कवितामा पूर्वीय दर्शनको अन्तरविकास भन्ने हो । लेखनाथमा कुन पृष्ठभूमिले पूर्वीय दर्शन व्यापक र गहन रूपमा विकसित हुन पुग्यो भन्ने विषयको अध्ययनमा केन्द्रित रहनु नै यसको सीमा हो । पूर्वीय दर्शनका सबै पक्षको अध्ययन गर्न खोज्दा यो लेख व्यापक बन्न पुग्छ । पूर्वीय दर्शनमा आत्मा, परमात्मा, कर्म, सुख, दुःख, बन्धन, ज्ञान, अज्ञान, जन्म, पुनर्जन्म, मोक्ष, अहंकार, अणु, परमाणु, सृष्टि, जगत्, प्रकृति, पुरुष, ईश्वर, ब्रह्म, माया, सत्, चित्, योग, समाधि, द्वैत, अद्वैत, द्वैताद्वैत, प्रज्ञा, अन्तर्ज्ञान,

व्याप्ति, अव्याप्ति, कार्य, कारण, गुण, चेत, जड, द्रव्य, पदार्थ, प्रपञ्च, प्रमाण, प्रमेय, प्रलय, मिथ्या, राग, द्वेष, सापेक्ष, निरपेक्ष, वैराग्य, मन, इच्छा, जीव, इन्द्रिय, पञ्चमहाभूत, पञ्चक्लेश, काल, नियति, बुद्धि आदि अनन्त विषयमाथि व्यापक चर्चा गरिएको छ । यी विषयहरूले लेखनाथलाई कसरी प्रभाव पार्न सके र लेखनाथभित्रको पूर्वीय दर्शन उनका फुटकर रचनामा कुन रूपले अन्तरविकसित हुँदै गए भन्ने पक्षको मात्र खोजी गर्नु नै यस लेखको सीमाङ्कन हो ।

## शोधविधि

शोधकार्य गर्ने तरिका विधि हो । यसभित्र लेखन विधि र सामग्री सङ्कलन विधि गरी दुई क्षेत्र पर्दछन् । ती दुवै क्षेत्रलाई बेग्लाबेग्लै रूपमा चर्चा गर्न सकिन्छ ।

## सामग्री सङ्कलन विधि

प्रस्तुत लेख साहित्यिक र दार्शनिक अध्ययनसँग सम्बन्धित भएकाले यसमा तदनुरूप सामग्री सङ्कलन तथा विश्लेषण विधिको प्रयोग गरिएको छ । यस लेखमा लेखनाथभित्र पूर्वीय दर्शनको छाप कसरी पर्न गयो र त्यो छाप उनका कवितामा कसरी विकसित हुँदै कविताका माध्यमबाट प्रस्फुटन भयो भन्ने समाधेय विषयमा केन्द्रित रहेको छ । यसका निम्ति विस्तृत अध्ययन, गहन चिन्तन एवं सूक्ष्म पठनबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ साथै प्रस्तुत विषयका सन्दर्भमा विभिन्न समालोचक, अध्येता, अनुसन्धाता, शोधार्थीहरूले प्रस्तुत गरेका गहन लेखरचनाहरूलाई पनि अध्ययन सामग्रीका रूपमा प्रयोग गरिएको छ । अनुसन्धेय विषयमा गरिएका पूर्वाध्ययन अन्तर्गतका पुस्तक, लेखरचना, शोधप्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित टीकाटिप्पणी र पूर्वीय दर्शनअन्तर्गतको षड्दर्शनमा आधारित सैद्धान्तिक चिन्तनसम्बन्धी उपयोगी सामग्रीहरू सङ्कलनका निम्ति पुस्तकालयीय कार्यलाई सामग्री सङ्कलनको मूल स्रोत मानिएको छ र यी सामग्रीहरू द्वितीयक स्रोतअन्तर्गत रहेका छन् भने लेखनाथका *वियोगिनी विलाप, वर्षा विचार, कवि कवितालाप, ईश्वर स्तुति पद्य १, नैतिक दष्टान्त, विज्ञानको मोह, गौँथलीको चिरिबिरी र आखिरी कविता* जस्ता फुटकर कविताहरूलाई प्राथमिक स्रोतका रूपमा  लिइएको छ ।

## विश्लेषण विधि

सङ्कलित सामग्रीको विश्लेषण गर्ने मुख्य आधार नै पूर्वीय दर्शनशास्त्रको सिद्धान्त हो । दर्शन सिद्धान्तअनुरूप लेखनाथ र कवितामा पूर्वीय दर्शनको के कस्तो प्रभाव परेको छ त्यो प्रभाव उनका कवितामा कसरी विकसित भएको छ भन्ने सन्दर्भमा यो अनुसन्धानात्मक लेख केन्द्रित छ । सम्बन्धित विषयमा वस्तुगत र तथ्यपरक रूपमा अध्ययन एवं विश्लेषण गरिएको छ । अध्ययन सीमाभित्र रहेर पूर्वीय दर्शनको सैद्धान्तिक पर्याधारलाई आधार मान्दै सैद्धान्तिक ज्ञानको गहन, विस्तृत, सघन एवं सूक्ष्म पठन गरी मूल समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ । यसरी

सिद्धान्तलाई नै आधार मानी सामग्रीको विश्लेषण गरिएको हुनाले यस लेखबाट प्राप्त नवीन ज्ञान निगमनात्मक विधिबाट निर्दिष्ट रहेको छ । यसमा सामग्रीगत तथा विश्लेषणका क्रममा आंशिक रूपमा आगमनात्मक विधि पनि प्रयोग भएको छ । प्रस्तुत लेखको उद्देश्य नयाँ सिद्धान्तको प्रतिपादन नभएर स्थापित सिद्धान्तमा आधारित नवीन ज्ञानको प्रतिपादनमा केन्द्रित भएको हुँदा विश्लेषणात्मक अध्ययन नै यसको प्रमुख ढाँचा भएको छ । केही निर्णयात्मक विधिको प्रयोग समेत गरिएको छ भने ऐतिहासिक र व्याख्यात्मक विधिको आंशिक प्रयोग पनि गरिएको छ । समग्रमा पूर्वीय दर्शनसँग सम्बन्धित सिद्धान्तलाई आधारभूमि बनाइए पनि आवश्यकताअनुसार आंशिक रूपमा अन्य विधिको प्रयोग गरी सामान्यीकृत निष्कर्षमा पुगिएको छ ।

## पूर्वकार्यको समीक्षा

लेखनाथ पौड्यालका प्रायः रचनाहरू पूर्वीय दर्शनबाट प्रभावित छन् । दर्शन आफैँमा एउटा गहन विषय हो । दर्शन जस्तो गम्भीर विषयलाई कविताका माध्यमबाट व्यक्त गर्ने क्षमता प्रतिभाशाली स्रष्टाहरूमा मात्र हुन्छ । त्यस्ता प्रतिभाशाली स्रष्टाहरूमध्ये पौड्याल पनि एक हुन् । उनले दर्शनलाई सहज रूपमा कविताभित्र समावेश गरेका छन् । दर्शनद्वारा कवितामा सौन्दर्य प्रदान गर्नु यिनका कविताहरूको विशेषता हो । लेखनाथका काव्यकृतिहरू माथि थुप्रै अध्ययन अनुसन्धान भएका छन् । उनका कविता/काव्यहरूमा समाज चित्रण, नैतिक पक्ष, हास्यव्यङ्ग्य, अलङ्कार, रस, छन्द, प्रकृति आदि विविध पक्षमा अनुसन्धानात्मक कार्यहरू भएका छन् साथै उनका काव्यमा दर्शनको प्रभाव पाइन्छ भनेर सङ्केत समेत गरिएको पाइन्छ तर लेखनाथमा पूर्वीय दर्शनले कसरी प्रभाव पार्‍यो र त्यो प्रभाव उनका फुटकर कविताहरूमा कसरी विकसित हुँदै गयो भन्ने विषयमा चाहिँ अध्ययन भएको पाइँदैन । पूर्वीय दर्शनका आधारबाट कृतिहरूको विस्तृत र गहन विश्लेषण, अनुसन्धान नभए पनि समालोचना, समीक्षा आदिमा प्रशस्तै टीकाटिप्पणीहरू भने उल्लेख गरिएका छन् । लेखनाथमा पूर्वीय दर्शनको प्रभाव रहेको छ भन्ने विषयलाई पुष्टि गर्ने खालका केही समालोचना, समीक्षा, अनुसन्धानात्मक शोध र पत्रपत्रिकामा उल्लेख गरिएका टीकाटिप्पणीहरू प्राप्त छन् । तिनै समीक्षात्मक सारसङ्क्षेपमा यहाँ प्रस्तुत गरिएको छ ।

ईश्वर बराल, हृदयचन्द्रसिंह प्रधान, यदुनाथ खनाल, चूडानाथ भट्टराय, ठाकुर पराजुली, बासुदेव त्रिपाठी, चूडामणि बन्धु, तारानाथ शर्मा, राममणि रिसाल, राजेन्द्रप्रसाद सुवेदी, भानुभक्त पोखरेल, नरेन्द्र चापागाईं, घटराज भट्टराई, रत्नध्वज जोशी, अभि सुवेदी, भरतराज पन्त, वासु रिमाल, टङ्कप्रसाद न्यौपाने, नरेन्द्र चापागाईं, माधवप्रसाद पोखेल, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, कुमारबहादुर जोशी आदिले लेखनाथलाई विभिन्न सन्दर्भमा दार्शनिक कविका रूपमा व्याख्या गरेका छन् । लेखनाथ व्यक्तिमात्र नभएर दार्शनिक साहित्यको क्षेत्रमा एउटा संस्थाकै रूपमा स्थापित व्यक्तित्व हुन् । उनका विषयमा विभिन्न समीक्षात्मक लेखरचना, समालोचना, अनुसन्धानहरूले लेखनाथको दार्शनिक पक्षमा सङ्केत मात्र गरेका छन् । लेखनाथका कविताहरूमा पूर्वीय दर्शनको

प्रयोग भएको छ भन्ने सङ्केत गरिए पनि उनमा पूर्वीय दर्शनको प्रभाव कसरी पर्न गयो र त्यो प्रभाव कवितामा कसरी विकसित हुँदै गयो भन्ने विषयलाई निश्चित किटान गरेर अध्ययन गरेको पाइँदैन तसर्थ यही नै यस लेखको शोधअन्तराल हो । यही शोधअन्तरालमा केन्द्रित भई सम्बन्धित विषयको विस्तृत र गहन रूपमा चर्चा गरिएको छ ।

## पूर्वीय दर्शनका आधारभूत मान्यताहरू

पूर्वीय मतानुसार गहन विश्लेषण, तार्किक व्याख्या, विशेष चिन्तन, आलोचनात्मक व्याख्यान, जीवन जगत्सम्बन्धी हरेक वस्तुको सूक्ष्म अध्ययन आदि अर्थ बुझाउने सन्दर्भमा दर्शन शब्दको प्रयोग गरिएको छ । जसमा न्याय, वैशेषिक, सांख्य, वेदान्त, योग, मीमांसा आदि दार्शनिक ग्रन्थहरू पर्दछन् । (शर्मा, १९९८, पृ. १-२) पूर्वीय विद्वान्हरूले आत्मज्ञान, परमात्मा चिन्तनको मार्ग, आध्यात्मिक विषय, जीवनको मूल रहस्य, तत्त्वज्ञान, मृत्युपछिको मुक्तिमार्ग आदि अर्थमा दर्शन शब्दलाई प्रयोग गरेको पाइन्छ । श्रीमद् भगवद्गीता, श्रीमद् भागवत, दार्शनिक ग्रन्थ आदिमा दर्शनलाई आ-आफ्नै किसिमले परिभाषा गरिएको छ । गीतामा उल्लेख गरेअनुसार अध्यात्म ज्ञानमा निष्ठा र तत्त्वज्ञानको विचार नै दर्शन हो (अध्यात्मज्ञान नित्यत्वं तत्त्वज्ञानार्थ दर्शनम्) । (गीता, १३/११) संस्कृतका ग्रन्थहरूमा जसद्वारा जड र चेतनको सूक्ष्मभन्दा पनि सूक्ष्म तत्त्वलाई केलाएर देखाइन्छ, त्यसलाई दर्शन भनिन्छ (दृश्यते चिदचित्सूक्ष्मतत्त्वमनेनेति दर्शनम्) भनी उल्लेख गरिएको छ । (तिमल्सिना, २०५५, पृ. १) साथै अध्यात्म र परब्रह्मसँग बढी निकट राखेर दर्शनलाई चिनाइएको पाइन्छ । आत्मालाई हेर, सुन, मनन गर र ध्यान गर, (आत्मा वा अरे द्रष्टव्य, श्रोतव्यमन्तव्यो निदिध्यासितव्य) (वृ.आ.उ.,२/४/५) भनी उपनिषद्हरूले दर्शनलाई चिनाएका छन् । चेतनालाई दर्शन दिन आउने तत्त्वको साक्षात्कार गराउने तङ्खव दर्शन हो (आहूत इव मे शीघ्रं दर्शनं याति चेतसि) । (श्रीमद् भागवत्, १/६/३४) यी प्राचीन ग्रन्थहरूका आधारमा दर्शन आध्यात्मिक पक्षसँग जोडिएको छ । तत्त्वज्ञान गर्ने साधन वा शास्त्रलाई मिश्रले दर्शन मानेका छन् । (मिश्र, १९९०, पृ. १४) पूर्वीय दार्शनिक पृष्ठभूमिमा दर्शन केही हदसम्म मोक्षप्रति केन्द्रित छ । सांसारिक दुःखको अन्त्य, मोक्ष प्राप्तिको माध्यम वा सांसारिक प्रपञ्चबाट छुटकारा पाउन वा दिलाउन गरिने साधनलाई दर्शनसँग जोडिएको छ । दर्शन ज्ञानको चर्चाका निम्ति मात्र नभएर मोक्षानुभूति हो भन्ने धारणा विद्वान्हरूको रहेको छ । (सिन्हा, १९८३, पृ. ३) पूर्वीय दर्शनले आत्मज्ञान, अपरोक्ष अनुभूति वा मृत्युपछिको समयमा प्राप्त हुने परमतत्त्वको खोजीमा जोड दिएको देखिन्छ ।

पूर्वीय दर्शन वैदिक वाङ्मयसँग सम्बन्धित छ । वेद, संहिता, ब्राह्मण, आरण्यक, उपनिषद्, ब्रह्मसूत्र, पुराण, श्रीमद् भगवद्गीता आदि ग्रन्थहरूमा दर्शनलाई आ-आफ्नै विचारअनुसार परिभाषा र व्याख्या गरिएका छन् । सत्यको खोजीका क्रममा गरिएका बौद्धिक तर्क वितर्कहरूबाट दर्शनको जन्म भएको हो । मानिस र विश्वलाई सम्पूर्ण रूपमा बुझ्ने प्रयत्न दर्शन हो । (मिश्र, २०४०, पृ.

४) ज्ञानद्वारा जीवन-मरणबाट मुक्तिको मार्ग पहिल्याउने शास्त्रलाई दर्शन भनिन्छ (मिश्र, १९९०, पृ. ६-८) भनेर मोक्ष प्राप्तिको माध्यमलाई दर्शन मान्नेहरू पनि प्रशस्तै पाइन्छन् । पाश्चात्य दार्शनिक सुकरात, प्लेटो आदिले पनि दर्शनलाई ज्ञानको अनुराग एवं आश्चर्यको सन्तान तथा सत्य ज्ञानको रूपलाई नै दर्शन मानेका छन् । (तिवारी, १९९५, पृ. ४) अरस्तुले दर्शनलाई परमतत्त्वको खोजी गर्ने वस्तु (मिश्र, २०४०, पृ. ५) मानेका छन् । विशेष गरी पश्चिमीले दर्शनलाई ज्ञानकै सेरोफेरोभित्र रहेर परिभाषा गरेका छन् ।

पूर्वीय दर्शनमा पनि अध्यात्मलाई छोडेर भौतिकवादी सन्दर्भमा केन्द्रित भई दर्शनको परिभाषा गर्ने दार्शनिकहरू पनि देखापरेका छन् । परलोकभन्दा इहलोकलाई प्रत्यक्ष प्रमाणका रूपमा स्विकार्दै देहवादी चिन्तनमा आधारित चार्वाक, जैन र बौद्ध दार्शनिकहरूले आ-आफ्नै तरिकाले दर्शनको परिभाषा गरेका छन् । यी दर्शनका अधिकांश मान्यताहरू पूर्वीय षड्दर्शनसँग मिल्दाजुल्दा नै छन् । केही मान्यतामा षड्दर्शनभन्दा फरक देखिए पनि दुवैको उद्देश्य दुःखको निवारण र परमानन्दको प्राप्ति नै हो । पूर्वीय षड्दर्शनअन्तर्गत रहेका दर्शनहरूमा ईश्वरीय आस्तिक भाव पाइन्छ भने चार्वाक, जैन र बौद्ध दर्शनमा ईश्वरीय सत्ता नस्विकारिएकाले यी दर्शनलाई नास्तिक दर्शनका रूपमा हेरिएको छ तर धेरै विद्वान्हरूले आस्तिक र नास्तिक यी दुवै खाले दर्शनलाई एकअर्काका परिपूरकका रूपमा हेरेका छन् । एउटा दर्शनमा रहेको अभाव अर्को दर्शनले पूर्ति गरिदिएको छ भन्ने विचार दार्शनिक समालोचकहरूको छ । त्यसैले यिनीहरू एउटै बाटाका यात्री मानिन्छन् । (मिश्र, १९९०, पृ. ८-९)

जीवन जगत्का समग्र पक्षको सूक्ष्मातिसूक्ष्म ज्ञान दर्शन हो । आन्तरिक रूपमा रहेका रहस्यमय, अदृश्य विषयको खोजी पनि दर्शन नै हो । गम्भीर भौतिकवादी चिन्तन, नवीन सोचाइ, योग, ध्यान, समाधिबाट प्राप्त अनुभूतिलाई पनि दर्शनले समेटेको छ । दर्शनले आत्मज्ञानलाई मात्र नभएर भौतिक सुखमय तृप्तिलाई पनि दर्शनकै रूपमा स्विकारेको पाइन्छ । (भट्टराई, २०१३, पृ. ५३-६०) सांसारिक विषय हुन् वा आध्यात्मिक, सृष्टिसँग सम्बन्धित होस् वा विनाश, ईश्वरीय सत्ताको खोजी होस् वा निरीश्वरवादी विचार, यथार्थको खोजी होस् वा काल्पनिक विषयलाई सत्य सावित गर्न खोजियोस्, यी सबै दर्शनकै विषय हुन् । दर्शन रहस्यको खोजी गर्ने गहन चिन्तन हो । दर्शन आत्मासँगको साक्षात्कार गर्ने माध्यम हो । दर्शन मानवीय जगत्को मूलसार हो । दर्शन जड र चेतनको वास्तविकता पत्ता लगाउने आधार हो । दर्शन ज्ञान वा विवेकप्रतिको मोह हो, मानव जिज्ञासाको उपज हो । निरन्तर खोजपूर्ण अभ्यासबाट प्राप्त ज्ञानको साङ्गोपाङ्ग अवस्था दर्शन हो । मस्तिष्क र मानवीय अनुभवको स्तरीय, प्रामाणिक, तार्किक, सूक्ष्म, आन्तरिक वा बाह्य जुनसुकै विषयप्रति गरिएको महत्त्वपूर्ण बौद्धिक विषय दर्शन हो । प्राणीको जन्मपूर्व र मृत्युपश्चात्को अवस्थाको स्थिति हो र पूर्वीय दर्शनको निचोड चाहिँ मोक्ष प्राप्तिको खोजी नै हो । यिनै सन्दर्भलाई यस लेखमा प्रस्तुत गरिएको छ ।

## छलफल तथा व्याख्या विश्लेषण

***लेखनाथका कवितामा पूर्वीय दर्शनको पृष्ठभूमि***

कुनै पनि लेखक स्वतस्फूर्त रूपमा कवि वा स्रष्टा बनेर जन्मिँदैन । काव्य साधना लेखकको ठुलो तपस्या हो । साधनाका लागि स्रष्टालाई विभिन्न विषयवस्तुले प्रभाव पारिरहेको हुन्छ । स्रष्टा जन्मिएको ठाउँ, स्रष्टाको पारिवारिक वातावरण, समाज, प्रकृति, शिक्षा, साथीसङ्गी, गुरु आदि उसका प्रेरणाका स्रोत बन्न सक्छन् । लेखनाथमा पनि पूर्वीय दर्शनको प्रभाव पर्नुमा यिनै विविध कारणहरू रहेका छन् । उनका जीवनमा पूर्वीय दर्शनको प्रभाव पर्नुमा केकेले सफलतापूर्वक भूमिका खेलेका छन् भन्ने विषयमा उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

## पारिवारिक पृष्ठभूमिको प्रभाव

लेखनाथ पौड्याल ब्राह्मण कुलीन संस्कारमा हुर्किएका कवि हुन् । ब्राह्मण कुलमा पनि पारिवारिक पृष्ठभूमि शिक्षित वर्ग मानिन्थ्यो । उनका हजुरबुबा राधाकृष्ण स्वयं पण्डित थिए । हजुरबुबा पण्डित भएका कारण नाति लेखनाथमा उनका प्रभाव पर्नु स्वाभाविक नै हो । हजुरबुबाले गरेका क्रियाकलाप, उनको खानपिन, लवाइ, खवाइ र आध्यात्मिक वा धार्मिक संस्कार लेखनाथमा क्रमशः स्थानान्तरण हुँदै गएको थियो । जेष्ठ सुपुत्र भएका कारण पनि लेखनाथप्रति माता पिताको विशेष निग्रहानी रहेको थियो । आफ्नो सन्तानलाई शिक्षित बनाउन चाहनु, असल नागरिक वा सत् पात्र बनाउने प्रयत्न गर्नु र पूर्वीय संस्कृत शिक्षा आर्जन गर्न लगाउनु पारिवारिक पृष्ठभूमि हो । पारिवारिक प्रभावले लेखनाथमा ठुलो परिवर्तन आएको छ । त्यसैले हरेक व्यक्ति महान् बन्नका लागि परिवारले लेखेको भूमिका निर्णायक बन्न सक्छ । साना बालबालिकाहरू कुन विषय पढ्दा के हुन्छ वा पढ्दा र नपढ्दा के अन्तर हुन्छ भन्ने विषयमा ठोस निर्णय निकाल्न सक्दैनन् । त्यसैले परिवारले सही मार्ग परिल्याउन सके सन्तानहरू आफैँ उचित बाटो लाग्ने छन् भन्ने कुराको प्रमाण स्वयं लेखनाथ हुन् ।

उनको वंश परम्परा पनि उच्च कुलीन र आदर्शवान् रहेका तथ्यहरू प्राप्त छन् । उनकै वंशबाट रङ्गनाथ पौड्याल नेपालको प्रधानमन्त्री भएको चर्चा इतिहासमा पाइन्छ । (खनाल, २०५९, पृ. ३७) कुल परम्परा नै शिक्षित हुनु र त्यसताकाको शिक्षा पूर्वीय दर्शनसँग बढी निकट मानिनुले उनमा वंशपरम्पराको प्रभाव जीवन्त रहेको देखिन्छ । त्यसैले पनि लेखनाथमा पूर्वीय दर्शनको प्रभाव पर्नमा वंश परम्पराले ठुलो भूमिका खेलेको छ । उनका हजुरबुबा राधाकृष्ण पण्डित पनि राणा कालीन दरबारिया पुरोहितका रूपमा संलग्न रहेकाले लेखनाथलाई हजुरबुबाको प्रत्यक्ष प्रभाव परेको हुनु पर्ने तर्क समालोचकहरूले राखेका छन् । (खनाल, २०५९, पृ. ३८) उनकी हजुरआमा मन्दाकिनी

विधवा भएपछि राजदरबारको सेवामा नियुक्त भएकाले लेखनाथलाई दरबारभित्र प्रवेश गर्न सहज भएको तथा त्रिभुवनसँगको सम्पर्कमा आएपछि त्रिभुवनले नै कविशिरोमणिको उपाधि प्रदान गरेकाले लेखनाथलाई पारिवारिक सहयोग प्रशस्त मात्रामा उपलब्ध भएको सत्यतथ्य अनुसन्धाताहरूले उल्लेख गरेका छन् । (खनाल, २०५९, पृ. ३८)

लेखनाथको 'सत्यकलि संवाद' कृति आफ्ना पिता दुर्गादत्तमा नै समर्पित रहेको प्रसङ्ग तलको अभिव्यक्तिबाट स्पष्ट हुन्छ : "सत्यनिष्ठ, सत्यवादी, महर्षिकल्प, उदारात्मा, प्रातःस्मरणीय, पूज्यपाद, श्री पिताजी पण्डित दुर्गादत्त शर्मा पौड्यालका चरणकमलमा यो सानू पुस्तक अत्यन्त आदरपूर्वक समर्पित गर्छु, विनीत : लेखनाथ ।" (पौड्याल, २०१६, पृ. ६) माथिको भनाइले उनका पिता पनि पण्डित रहेका र पिताको सत्यवादी प्रेरणा तथा पिता स्वयं पूर्वीय दर्शनका अनुयायी भएकाले उनीबाट पनि लेखनाथ निकै प्रभावित थिए भन्ने कुराको पुष्टि हुन्छ । उनकी आमा वसुन्धरा देवीको मातृवात्सल्य पाएर लेखनाथले आमाको आशीर्वादलाई शिरोपर गरी आमाको मृदु लालनपालनलाई सार्थक तुल्याएका छन् । आमाबाट पाएको प्रेरणा पूर्वीय दर्शनकै सेरोफेरोमा केन्द्रित छ । उनले 'आमाको सम्झना' नामक कविता पनि लेखेका छन् र उक्त २८ श्लोके लामो कवितामार्फत लेखनाथको कवित्वशक्ति प्रस्फुटन भएको रहस्य लेखनाथका अनुसन्धाताहरूबाट खुलेको छ । (खनाल, २०५९, पृ. ३९) यसरी लेखनाथका पुर्खा वा वंशपरम्पराबाट पूर्वीय दर्शनका विषयगत संस्कारहरू स्थानान्तरण हुँदै आएका र उनमा क्रमशः त्यस संस्कारको बलियो पृष्ठभूमि रहेकाले पारिवारिक प्रभावका कारण लेखनाथमा पूर्वीय दर्शन विकसित हुँदै गएको हो भन्न सकिन्छ ।

## शैक्षिक प्रभाव

हरेक नागरिकले जीवनमा जुन विषय सिक्दछ वा अध्ययन गर्दछ त्यसबाट प्राप्त ज्ञानलाई व्यवहारमा प्रयोग गर्दछ । औपचारिक होस् वा अनौपचारिक चेतनालाई  विकास गर्ने काम शिक्षाले गर्दछ । उसले आर्जन गरेको शिक्षा नै व्यक्तिको जीवन हो र त्यसलाई व्यावहारिक वा प्रयोगमा ल्याएपछि त्यही दर्शन बन्न पुग्दछ । पाँच वर्षको उमेरदेखि अक्षर चिनेका लेखनाथलाई उनका हजुरबुबा पं. राधाकृष्णले धार्मिक ग्रन्थहरू पढाएका थिए । (त्रिपाठी, २०३४, पृ. ६१-६२) तात्कालीन अवस्थामा आधुनिक शिक्षाको थालनी समेत भएको थिएन । राणाहरूले आफ्नो परिवारका लागि मात्र खोलेका विद्यालयमा अन्य जनताका छोराछोरीहरू पढ्ने सम्भावना नै थिएन त्यसैले पनि संस्कृत वा धार्मिक ग्रन्थबाहेक अन्य विकल्प नै नभएकाले लेखनाथलाई संस्कृतका धार्मिक वा पौराणिक ग्रन्थहरू अध्ययन गर्न कर लाग्यो । उनका हजुरबुबा पं. राधाकृष्णले संस्कृतका ग्रन्थहरू घोकाउन थाले । उनको प्रारम्भिक शिक्षा नै संस्कृत भाषाका धार्मिक, पौराणिक ग्रन्थहरूको अध्ययनबाट अगाडि बढेको हो । चण्डी, अमरकोष, स्तोत्र आदिबाट उनको शैक्षिक गतिविधि अगाडि बढ्दै गएको पाइन्छ । धार्मिक र पौराणिक विषयहरूको अध्ययनले उनमा बिस्तारै धर्मप्रतिको आस्था बढ्दै गएको देखिन्छ । धार्मिक ग्रन्थहरूको अध्ययनले लेखनाथमा पूर्वीय दर्शनका सामान्य मान्यताहरूप्रति

विश्वास बढ्दै जानु स्वाभाविक नै हो । पौराणिक ग्रन्थहरूको अध्ययनले ईश्वरीय सत्ताप्रति लेखनाथमा विश्वास बढेको देखिन्छ । ईश्वरलाई सृष्टिकर्ताका रूपमा स्विकार्नु, ईश्वरको आराधना गरे मुक्तिपाइन्छ भन्ने विषयले सानैदेखि लेखनाथभित्र जरा गाडिसकेको थियो ।

पन्ध्र वर्षको किशोर अवस्थादेखि अध्ययनका निम्ति लेखनाथ घर छोडेर काठमाडौँको रानी पोखरीस्थित संस्कृत छात्रावासमा भर्ना भए । यो उनको औपचारिक शिक्षाको आधार स्तम्भ थियो । (त्रिपाठी, २०३४, पृ. ६१-६२) औपचारिक शिक्षा पनि पूर्वीय दर्शनमा नै केन्द्रित रह्यो । संस्कृत शिक्षाको औपचारिक ज्ञानले उनलाई अझै पूर्वीय दर्शनमा परिपक्व बनाउँदै लग्यो । प्रारम्भिक अध्ययनकालको छात्रावासीय जीवनदेखि नै कवित्व शक्ति प्रस्फुटन भएको पाइन्छ । प्रारम्भिक चरणका कविताहरू संस्कृत कविता लेखन शैलीका सेरोफेरोमा केन्द्रित छन् । उनको प्रारम्भिक लेखनको समय नेपाली साहित्यको माध्यमिक कालीन उत्तरार्द्ध चरण हो । यस अवधिमा मोतीराम भट्टको शृङ्गारिक भावधारा प्रचुर मात्रामा देखिएकाले लेखनाथलाई यस धाराले स्पर्श गरे तापनि उनलाई पूर्णतः प्रभाव भने पार्न सकेन । प्रारम्भिक चरणका रचनाहरूमा नैतिक, मर्यादा, आदर्श, ईश्वरीय आस्था आदि पूर्वीय दार्शनिक पक्षसँग सम्बन्धित विषयहरू नै अभिव्यक्त भएका छन् । त्यसैले औपचारिक वा अनौपचारिक जुनसुकै अध्ययनले पनि लेखकलाई पूर्वीय दर्शनतिर अभिप्रेरित गरेको देखिन्छ । लेखनाथको शैक्षिक स्तर पूर्वीय दर्शनसँगै सम्बन्धित भएकाले कविताहरूमा पूर्वीय दर्शनको प्रभाव पर्नु स्वाभाविक नै हो ।

गुरुकुल प्राचीन शिक्षा प्रणाली हो । लेखनाथको बाल्यकालीन समयमा नेपालको शिक्षा प्रणाली गुरुकुलमा नै आधारित थियो । लेखनाथको प्रारम्भिक अनौपचारिक शिक्षारम्भ पनि गुरुकुलमा नै भएको हो । आधुनिक शिक्षा प्रणालीभन्दा प्राचीन गुरुकुलीय शिक्षा प्रणाली फरक शैलीको देखिन्छ । सामूहिक कार्य, सहयोगको भावना, गुरुप्रतिको आदर, सद्भाव, ज्ञानप्राप्तिका निम्ति गरिने तपस्या, परिश्रम आदि विषयहरू आधुनिक शिक्षा प्रणालीभन्दा नितान्त फरक पाइन्छन् । गुरुकुलमा किताबी ज्ञानभन्दा नैतिक शिक्षा, शिष्टाचार, तार्किकता, सहकार्य, आदर्श जस्ता विषयलाई बढी महत्त्व दिइन्छ । गुरुकुलको यो प्रभाव लेखनाथमा बिस्तारै प्रवेश गरेको छ । गुरुकुलमा सिकेका सिप, अनुशासन, सदाचार आदि पूर्वीय दर्शनसँग सम्बन्धित रहेकाले पनि लेखनाथ त्यतातर्फ प्रभावित भए । त्यसैले पूर्वीय दर्शनको प्रभाव पर्नुमा गुरुकुलीय परम्पराको प्रभावले लेखनाथमा पूर्वीय दर्शनप्रतिको रुचि रहेको र पारिवारिक वातावरण, गुरुकुलीय शिक्षाले नै उनलाई पूर्वीय दर्शनतर्फ अभिप्रेरित गरेको हो भन्न सकिन्छ ।

## लेखनाथका कवितामा पूर्वीय दर्शनको अन्तर्विकास

लेखनाथ पौड्यालको लेखनयात्रा संस्कृत कविता विधाबाट प्रारम्भ भएको हो । पोखराका प्राकृतिक सौन्दर्यभित्र रमाउँदै फेवातालको किनार र माछापुच्छ्रेको काखमा कविको कवित्वप्रतिभा

प्रस्फुटन भइसकेको थियो तर कृतिगत रूपमा बाह्य प्रकट भइसकेको देखिँदैन । (त्रिपाठी, २०३४, पृ. ६१-६२) काठमाडौँको रानीपोखरी संस्कृत पाठशालामा अध्ययन गर्दा उनले संस्कृत भाषाबाट आफ्नो कविता लेखनयात्रा प्रारम्भ गरेका हुन् । पन्ध्र वर्षको उमेरदेखि निरन्तर करिब पचासी वर्षको उमेरसम्मको लेखनयात्रामा सक्रिय सहभागी रहँदा उनीभित्र पूर्वीय दर्शन के कसरी विकसित हुँदै गयो भन्ने सन्दर्भ नै यस लेखको विवेच्य विषय हो ।

लेखनाथ पौड्यालको लेखन अवधिभरलाई अध्ययन गर्दा प्रारम्भिक चरणदेखि नै पूर्वीय दर्शनको प्रभाव रहेको देखिन्छ । रानीपोखरी संस्कृत पाठशालामा अध्ययन गर्दा उनी पन्ध्र, सोह्र वर्षका थिए । संस्कृत भाषाको अध्ययनसँगै उनको लेखनी कविता प्रस्फुटनका निम्ति उद्यत रहेको देखिन्छ । मोतीराम भट्टले नेपाली साहित्यमा भित्र्याएको समस्यापूर्ति लेखनपरम्पराले लेखनाथलाई पनि प्रभावित तुल्याएको देखिन्छ । सोही प्रभावका कारण उनले पहिलोपटक संस्कृत समस्यापूर्ति स्वरूप 'पाठशाला विशाला' कविता लेखेका थिए । उनको अध्ययनक्षेत्र संस्कृत भाषा भए पनि लेखन साहित्यको माध्यम नेपाली भाषालाई नै बनाएका छन् । आभ्यासिक चरणको पहिलो कविता संस्कृत भाषामा लेखिएको भए पनि उनका अन्य संस्कृत भाषाका कृतिहरू उपलब्ध छैनन् । संस्कृत भाषाको समस्यापूर्तिबाट नै उनी नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनको पहिलो रचना संस्कृत भाषामा लेखिएको भए पनि नेपाली कवितायात्राको बीजारोपण यसै कविताबाट भएको मानिन्छ । नेपाली भाषामा लेखिएको पहिलो प्रकाशित रचना चाहिँ वि.सं.१९६१-६२ को 'कविता कल्पद्रुम' नामक पत्रिकामार्फत् सार्वजनिक भएको हो । यस पत्रिकामा लेखनाथका 'शृङ्गार पच्चीसी' र 'मनसाकर्षिणी' नामक दुई कविताहरू प्रकाशित भएका थिए । (त्रिपाठी, २०४२ : पृ. ११७) लेखनाथको १९६१ देखि २०२२ सालसम्मको कविता काव्य लेखनयात्रालाई मुख्यतः दुई चरणमा विभाजन गरी अध्ययन गर्नु सहज हुन्छ । १९६१ देखि १९९० सम्मको अवधिलाई पूर्वार्ध चरण र १९९१ देखि २०२२ सालसम्मको अवधिलाई उत्तरार्ध चरण मान्नु पर्दछ । 'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन' कृतिका अनुसन्धाता वासुदेव त्रिपाठी र 'लेखनाथका कवितामा नैतिक पक्ष' नामक विद्यावारिधिका शोधकर्ता बमबहादुर थापाले पनि लेखनाथको कविता यात्रालाई दुई चरणमा विभाजन गरेको पाइन्छ । (थापा, २०६२, पृ. ६८) लेखनशिल्प र वैचारिक दृष्टिकोणले पूर्वार्ध र उत्तरार्ध चरणलाई पनि दुई दुई भागमा विभाजन गरी अध्ययन कार्यलाई सहज बनाइएको छ ।

करिब ६० वर्षको लामो लेखनयात्रालाई प्रमुख दुई चरणमा विभाजन गरे पनि उक्त चरणभित्र अन्य उपचरणहरू पनि रहेका छन् । चरणगत रूपमा लेखनाथका कविताभित्र पूर्वीय दर्शनको प्रभाव कुन रूपमा विकसित हुँदै आएको छ भन्ने निष्कर्ष उनका कविताहरूको चरणगत अध्ययनबाट स्पष्ट हुन्छ ।

## पूर्वार्ध चरण (१९६१-१९९०)

नेपाली कविता विधामा माध्यमिक कालीन शृङ्गार धारा निकै लोकप्रिय साहित्यिक यात्रा हो । मोतीराम भट्टले प्रारम्भ गरेको यस धारालाई लक्ष्मीदत्त पन्तलगायतका मोती मण्डलीले उत्कर्षमा पुऱ्याएका थिए । मोतीरामको देहावसानपछि शृङ्गारिक धारा अश्लीलतातर्फ उन्मुख देखिन्छ । यही शृङ्गारिक धाराको चरम उत्कर्ष कालमा नै लेखनाथ साहित्यिक यात्रामा प्रवेश गरेका हुन् । संस्कृत समस्यापूर्ति कवितालेखनयात्राबाट साहित्यतर्फ प्रवेश गरेका पौड्यालको नेपाली भाषामा प्रकाशित पहिलो कविता वनासरबाट प्रकाशित 'कविता कल्पद्रुम' (१९६१-६२) बाट भएको हो । 'शृङ्गार पच्चीसी' र 'मनसाकर्षिणी' नामक दुई कविताहरू मोतीरामकै शृङ्गार धारालाई पक्षपोषण गर्ने खालका छन् । पहिलो कविताको शीर्षकबाट नै लेखनाथमा माध्यमिक कालीन शृङ्गार धाराको ज्वलन्त प्रभाव रहेको देखिन्छ । मदनका शरले छाली माथि उठेकी र कामदेवका कारण शरीर टुकुरा टुकुरा भएकी नायिकाको वर्णनले लेखकको बिस, एक्काइस बर्से उमेर र माध्यमिक कालीन उत्तरार्ध चरणको उत्कर्ष शृङ्गारिक धाराबाट कवि पनि अछुत रहन सकेका छैनन् । यी दुई कविताले लेखनाथलाई शृङ्गारिक धारामा प्रवेश गराएपछि लेखनाथको बैँसालु विचार 'सुन्दरी' (१९६३) पत्रिकामार्फत् अझ तिखारिँदै गएको पाइन्छ । १९६३ को 'वियोगिनी विलाप' कविता पनि शृङ्गारिक धाराको एक ज्वलन्त नमुना बनेको छ । यो उनको शृङ्गारिक धाराप्रतिको प्रभाव र उमेरको दोष मान्नु पर्दछ । यसै कविताको अन्त्यतिर कामवासनाले युक्त तथा विक्षिप्त बनेकी नायिकाले ईश्वरको पुकारा गरेकी छे । सांसारिक सुख वा यौवनका चाहनाहरू विपद् कालीन क्षणहरू हुन् भन्ने कुराको सङ्केत 'वियोगिनी विलाप' कविताका निम्न पङ्क्तिहरूबाट स्पष्ट हुन्छ :

**के लीनलाइ भगवान् भइ भारि झेली**
**झेली गरी हृदयमा पसि खेलि खेलि**
**चेली समान मकन धेर शरजाल जेली**
**हेली दियौ विपद सागरमा धकेली । ( वियोगिनी विलाप १०)**

यी पङ्क्तिहरूमा 'भगवान्' भनेर नायिका ईश्वरको स्मरण गर्न पुगेकी छे । अन्त्यमा कामुकतालाई विपद् सागरको संज्ञा दिइएको छ । यो सांसारिक सुख वास्तवमा विपदको सागर हो भन्ने सङ्केत यी पङ्क्तिहरू मार्फत् कविभित्रको पूर्वीय दार्शनिक संचेतना अज्ञानतावश नै प्रस्तुत भएको छ । त्यसैले पौड्यालमा १९६३ देखि नै पूर्वीय दर्शनको बीजारोपण भएको पाइन्छ । ईश्वरप्रतिको आस्था र सांसारिक विषयलाई विपद्को संज्ञा दिनु नै लेखनाथमा पूर्वीय दर्शनप्रतिको सद्भाव रहनु हो । यस कवितालाई शृङ्गार धाराको चरमविन्दुमा पुऱ्याउँदा पुऱ्याउँदै लेखनाथभित्रको आध्यात्मिक ज्ञान वा पूर्वीय दर्शनको प्रभाव कवितामार्फत् बाह्य रूपमा प्रकट भएको छ । प्रस्तुत समग्र कविता शृङ्गारिक धारामा केन्द्रित भए पनि केही पङ्क्तिहरूका केही शब्दहरूले लेखकलाई शृङ्गार धाराप्रति विमुख गराउँदै लगेको देखिन्छ । करिब दुई वर्ष जति शृङ्गार धाराबाट प्रभावित भए पनि लेखनाथलाई माध्यमिक कालीन उक्त धाराले समातिरहन सकेन । 'सुन्दरी' पत्रिकामा प्रकाशित 'कलिका विलासी' (१९६३) बाट नै शृङ्गार धाराप्रति वितृष्णा जागेको देखिन्छ । २२,

२३ वर्षको जवानी उमेरमा पनि लेखनाथलाई शृङ्गार धाराले प्रभाव पार्न नसक्नु लेखनाथभित्रको आध्यात्मिक र पूर्वीय दर्शनको दरिलो छाप हो भन्न सकिन्छ। कविमा बिस्तारै शान्त रसको प्रभाव देखिन थाल्नु र शृङ्गारप्रति वितृष्णा जाग्न थाल्नु 'सुन्दरी' पत्रिकामार्फत् देखिएका लेखकीय विशेषताहरू हुन्। शृङ्गार धाराको उत्कर्ष र शान्त रसको प्रवेश गराउने प्रमुख श्रेय 'सुन्दरी' पत्रिकालाई दिन सकिन्छ। लेखनाथका कवितासम्बन्धी अनुसन्धाता बासुदेव त्रिपाठीका अनुसार पनि "१९६३ सालमै लेखनाथ समसामयिक शृङ्गारिक परिवेशबाट तर्किँदै आफ्नो शान्त रसमूलक कवितायात्रातर्फ प्रवृत्त भएको र उनको कवित्व पनि प्रतिभापूर्ण छचल्काहरूले उद्वेलित भइरहेको अनुभव हुन आउँछ" (त्रिपाठी, २०४२, पृ. ११८)। यस अभिव्यक्तिबाट लेखनाथ बिस्तारै अध्यात्मतिर प्रवेश गरेका हुन् भन्ने स्पष्ट हुन्छ। यसै गरी बमबहादुर थापाले लेखनाथका कवितामा औचित्यवादको खोजी गर्ने सिलसिलामा उल्लेख गरेका छन् : "स्थूल शृङ्गारिकता र नग्नताप्रतिको विरोधी भावझङ्कार लिएर लेखनाथले 'कलिका विलासी' (सुन्दरी, १, ७, पुस १९६३) समस्यापूर्ति कवितामार्फत् पहिलोपटक नैतिक-औपदेशिक सन्देश तथा उचित उपदेश दिन खोजेका छन्" (थापा, २०६८, पृ. ८०)। थापाको यस भनाइबाट पनि लेखनाथ १९६३ देखि अध्यात्म वा पूर्वीय ज्ञानतर्फ क्रमशः प्रवेश गरिसकेका छन् भन्ने पुष्टि हुन्छ। वैचारिक दृष्टिकोणले मात्र नभएर लेखन कला र भावगत वैशिष्ट्य पनि क्रमशः परिमार्जित हुँदै गएको देखिन्छ। शृङ्गारिक धाराको त्याग र पूर्वीय दर्शनको प्रवेश नै पहिलो चरणको पूर्वार्धमा देखापरेको प्रमुख उपलब्धि हो। १०६१ देखि १९६५ पूर्वका उनका कविताहरू शृङ्गार र शान्त रसमा विभक्त छन्। सुरुका कविताहरू शङ्गार प्रधान भए पनि सुन्दरी पत्रिकामा छापिएका कवितामार्फत् उनी क्रमशः आध्यात्मिक, औपदेशिक, नैतिक पक्षतर्फ प्रवेश गरेको पाइन्छ। 'शृङ्गार पच्चीसी', 'मनसाकर्षिणी', 'वियोगिनी विलाप' कविताहरू शृङ्गार प्रबल भएका कविताहरू हुन् भने 'वैराग्यवल्ली', 'कलिका विलासी' जस्ता कविताहरू शृङ्गार विरोधी र शान्त रसतर्फ उन्मुख पूर्वीय दर्शनका बीजारोपण मानिन्छन्।

पूर्वीय दर्शनबाट प्रभावित लेखनाथका कविताहरूको शृङ्खला १९६५ बाट क्रमशः बढ्दै गएको हो। १९६५ मा प्रकाशित 'माधवी' पत्रिकाबाट लेखनाथ परिष्कृत बन्दै गएका छन्। 'वर्षा विचार' उनको कवितायात्राको परिष्कृततातर्फको प्रारम्भिक चरण हो। यसै चरणमा लेखिएको उनको 'वर्षा विचार' लाई लामो कविताअन्तर्गत पर्दछ। जम्मा ४८ पद्यहरूमा संरचित यो कविता लेखनाथको पहिलो परिष्कारवादी धाराको नमुना हो। 'ऋतु विचार' खण्डकाव्यको एक खण्ड मानिने 'वर्षा विचार' कवितामार्फत् पूर्वीय दर्शनका सान्दर्भिक लक्षणहरू देखापरेका छन्। लेखनाथको पूर्वीय दार्शनिक चिन्तन यसरी प्रकट भएको छ :

**झरीले बाटबाटैमा खुम्चिए बटुवाजन**
**कलीले औतयागादि रोकिएझैँ गरीकन।** (वर्षा विचार पद्य ३)

यस पद्यांशबाट पौराणिक सन्दर्भमार्फत् दार्शनिक विषय प्रस्तुत गरिएको छ। झरी पर्नु सांसारिक विषय हो। सांसारिक विषयप्रति मानिसको मोह हुनु र तिनै सांसारिक विषयले मानिसलाई विभिन्न झमेलामा पार्नु नै बन्धन हो। ब्रह्म सत्यं जगन्मिथ्या जीवोब्रह्मैव नापरः । त्यसैले झरीले

बटुवालाई रोक्नु सांसारिक बन्धन हो । बटुवाहरू जसरी झरीका कारण अल्झिएका छन् वा बाटामै रोकिएका छन् त्यसैगरी सांसारिक विषयले जीवहरूलाई मुक्तिमार्गबाट रोकेको छ । यो सांसारिक बन्धनको विषय हो । यसरी लेखनाथमा 'वर्षा विचार' कवितामार्फत् पूर्वीय दर्शनको बन्धनको सन्दर्भ देखाइएको छ । पूर्वीय दर्शनको प्रभाव तलका पंक्तिहरूमा अझ बढी परेको छ

**ध्यारो भै झरी लागि वर्षाका ई सबै दिन**
**अविद्या जालले छोपी राखेका जीवझैँ छन ।** (वर्षा विचार पद्य १२)

अविद्या नै सांसारिक जालो हो । हरेक जीवहरू अविद्याका कारण बाटो बिराउँछन् । वर्षाका दिनहरू जीवहरूका लागि अँध्यारो लाग्छन् जसरी अविद्याको जालोबाट सांसारिक बन्धनमा परेका जीवहरू यस संसारमा नै रुमल्लिरहन्छन् । माथिका पंक्तिहरूमा पूर्वीय वेदान्त दर्शनको प्रभाव रहेको छ । यसरी लेखनाथमा क्रमशः दार्शनिक विचारहरू विकसित हुँदै आएको देखिन्छ । वासुदेव त्रिपाठीको निम्न अभिव्यक्तिले यस विषयलाई अझ प्रामाणिक तुल्याउँछ : "काव्यरचना सामग्रीका दृष्टिले प्रकृतिका छवी, सामाजिक परिदृश्य, हिन्दू पुनर्जागरण, नैतिक चेतना र आध्यात्मिक मनन नै लेखनाथका केन्द्रीय सामग्री हुन् भने त्यतातर्फ 'वर्षा विचार' रचनाबाट उन्मुख भइसकेका छन् ।" (त्रिपाठी, २०४२ : ११९)

लेखनाथ पौड्यालको कविता यात्रा क्रमशः परिष्कृत हुँदै गएको सन्दर्भसँगै कविताहरू पनि पूर्वीय दर्शनतिरै आकर्षित भएका छन् । लेखनयात्राको पूर्वार्ध चरणमा नै लेखनाथ 'लालित्य' (१९६९) का ६ ओटा कविताका माध्यमबाट माध्यमिक कालीन शृङ्गारिक धाराका कमीकमजोरीलाई औंल्याउँदै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शृङ्गार धारा विरोधी बन्न पुगेका छन् । माध्यमिक कालीन अश्लीलताप्रति कविको अस्वीकृति रहेको र नैतिक, औपदेशिक तथा आध्यात्मिकतातिर कवि उन्मुख रहेका छन् । 'मनोलड्डु' कविताका माध्यमबाट धार्मिक, आध्यात्मिक कविचेतना क्रमशः पूर्वीय दर्शनतर्फ केन्द्रित बनेको देखिन्छ । 'रामराज्य' कविताले पूर्वीय आदर्श सभ्यतालाई औँल्याउँदै कविको पूर्वीय दार्शनिक पक्षमाथि स्पष्ट धारणा प्रस्फुटन गरेको छ । कवि र कविताको बिचको संवादले भाग्यवादी प्रवृत्ति र बन्धनका विविध पक्षमाथि लेखनाथ खुलेर व्यक्त भएका छन् । यस कवितामार्फत् लेखनाथभित्रको भाग्यवादी प्रवृत्तिप्रतिको विश्वास निकै मौलाएको छ । भाग्यवाद पूर्वीय दर्शनको महत्त्वपूर्ण पक्ष हो । कवि भाग्यवादलाई कविताका माध्यमबाट यसरी प्रस्तुत गर्दछन् :

**गर तिमी आफनु काम नलेऊ बाबु कसुरको नाम**
**मेरै कर्म अभागी, बुझेर दबिजे कुना लागि ।** (कवि कवितालाप)

कर्मलाई दोष दिनु वा कर्ममा लेखिएको विषय प्राणीले भोग्नु पर्ने विश्वास पूर्वीय दर्शनले स्विकारेको विषय हो । माथिको पंक्तिमा पनि आफूलाई अभागिनी वा कर्ममा अभाग लेखिएकी भनेर भाग्यवादी चिन्तन प्रस्तुत गरिएको छ । यो कवि लेखनाथको पूर्वीय दर्शनप्रतिको आकर्षण हो । प्रथम चरणको उत्तरार्धतिर आएर कविले 'शोक प्रवाह' (१९७०) काव्यका माध्यमबाट सांसारिक विषयप्रति रुचि राख्नेहरूमा देखापरेका शोक, चिन्ता, पीडा, मोह, मर्म आदिलाई देखाउन खोजेका छन् । हरेक जीवन मृत्युन्मुखी हुने जान्दाजान्दै सांसारिक बन्धनका कारण मायामोहले जीवलाई शोकमय

तुल्याइदिन्छ । शोकबाट वञ्चित रहन सांसारिक मायामोह त्याग गर्न सक्नु पर्ने र जीवनलाई नाशवान् सम्झिन सक्ने जीवमात्र शोकको प्रवाहमा नडुब्ने सङ्केत 'शोक प्रवाह' कविताबाट स्पष्ट हुन्छ ।

लेखनाथको काव्ययात्राको पूर्वार्ध चरणको दोस्रो मोड शैलीगत रूपमा परिष्कृत, परिमार्जित र नैतिक चेतनाको विकास काल मानिन्छ । १९७२ पछिका कवितामा उनी क्रमशः दार्शनिक पक्षमा अझ सबल बन्दै गएका छन् । यस चरणले संख्यात्मक र गुणात्मक दुवै दृष्टिले लेखनाथलाई उत्कृष्ट कविका रूपमा उभ्याएको छ । 'गोरखा शिक्षा' भाग १, २ र ३ का साथै 'सूक्तिसिन्धु' (१९७४) मा सङ्कलित रचनाहरू आधुनिकतालाई डोऱ्याउने प्रमुख सिर्जनाहरू हुन् । यसै अवधिदेखि लेखनाथभित्रको ईश्वरीय सत्ताप्रतिको मोह कविताका रूपमा प्रकट भएको देखिन्छ । 'ईश्वर स्तुति' कविताले पूर्वीय दर्शनमा स्विकारिएको सृष्टिकर्ता ईश्वरप्रति विश्वस्त रही सारा जगत् ईश्वरकै स्वरूप रहेको र ईश्वरबिना कुनै पनि चराचर गजत्को अस्तित्व नरहने तथ्य अघि सारेको छ । ईश्वरलाई सर्वशक्ति सम्पन्न ठान्दै कविले ईश्वरको महिमा यसरी गाएका छन् :

**शक्ति छ प्रभुको अपरम्पार**
**घुम्दछ जसमा सब संसार ।** (ईश्वर स्तुति पद्य १)

प्रभु वा ईश्वरकै कारण प्रकृति र पुरुषलाई सक्रिय गराउने सम्पूर्ण अधिकार ईश्वरमा व्याप्त रहेको तथ्य माथिका पंक्तिबाट स्पष्ट हुन्छ । यस भनाइले कविलाई ईश्वरीय अस्तित्व स्विकार्ने दार्शनिक पक्षधरका रूपमा लिन सकिन्छ । न्याय दर्शनले ईश्वरलाई सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता स्विकारे झैँ लेखनाथले पनि ईश्वरकै केन्द्रियतामा सारा संसारको सञ्चालन हुने भाव प्रकट गरेका छन् । यी पंक्तिहरूले लेखनाथमा न्याय दर्शनको पूर्ण प्रभाव रहेको देखिन्छ । यसरी लेखनाथमा परिपक्व पूर्वीय दर्शनको विकास निरन्तर वृद्धि हुँदै जानुले कवि पूर्वीय दार्शनिक धरातलका सशक्त स्रष्टा हुन् भन्ने प्रमाण मिल्दछ । १९७४ तिरकै 'नैतिक दृष्टान्त' कविता लेखनाथको नैतिक पक्षमाथिको विशाल ज्ञानराशि भएको रचना हो । दार्शनिक पक्षका साथै व्यावहारिक विषयमाथि निकै उपयोगी यस कविताले कविभित्रको दार्शनिक परिपक्वता अझ खारिएर उदाएको देखिन्छ । दार्शनिक दृष्टिले यो कविता निकै सबल मानिन्छ ।

**कसैको लोकमा छैन एकैनास समुन्नति**
**अरूको के कुरा हेर सन्ध्यामा सूर्यको गति ।** (नैतिक दृष्टान्त ४)

संसार परिवर्तनशील छ । सुखदुःखको चक्रमा हरेक प्राणीले अनेकौं अवस्था पार गर्नु पर्दछ । सांसारिक जीवनमा पाएको सुख क्षणिक हुने र मोक्षप्राप्तिपछिमात्र जीवनले सुखदुःखको बन्धनमा पर्नु नपर्ने सङ्केत 'नैतिक दृष्टान्त' कविताका पंक्तिबाट स्पष्ट हुन्छ । लेखनाथ यहाँ सम्म आइपुग्दा दार्शनिक दृष्टिकोणले निकै सचेत बनिसकेका छन् । पूर्वीय दर्शनका हरेक पक्षहरूलाई उनले कवितामार्फत् प्रस्तुत गर्दै आफूभित्रको दार्शनिक चेतना प्रस्फुटन गराएका छन् । १९७४ मा 'पिंजराको सुगा' प्रकाशित भएपछि लेखनाथमा पूर्णतः पूर्वीय दर्शनको प्रभाव परेको देखिन्छ । पिन्जरा सामान्य वस्तु नभएर सांसारिक बन्धनको प्रतीकका रूपमा प्रयोग भएको छ । दर्शनलाई पनि

प्रतीकात्मक रूपमा प्रयोग गर्न कवि सफल भएका छन् । पूर्वीय दर्शनको भाग्यवादी प्रवृत्ति 'पिंजराको सुगा' भित्र निकै सशक्त रूपमा प्रकट भएको छ । पूर्वार्ध चरणको उत्तरवर्ती अवधिमा नै लेखकभित्र पूर्वीय दर्शन पूर्णतः विकसित भइसकेको देखिन्छ । लेखकले कवितामा सचेत रूपमा नै दर्शनलाई प्रयोग गरेका छन् । यस चरणका अन्य रचनाहरूमा पनि दर्शन सबल बनेर देखापरेको पाइन्छ । 'म के के नगरूँ', 'वसन्त', 'वसन्त कोकिल' जस्ता कविताभित्र सूक्ष्म रूपमा पूर्वीय दर्शनका विषयहरू अन्तर्निहित भएका छन् ।

माध्यमिक कालीन शृङ्गार धाराको अन्तिम अवस्था १९७४ पछि लेखनाथ पूर्णतः आधुनिक परिष्कारवादी लेखकका रूपमा परिचितमात्र नभएर आधुनिकतालाई निम्त्याउने प्रमुख स्रष्टा हुन् । शृङ्गार धारा लेखनाथबाट पूर्णतः वियोगावस्थामा पुगेको छ । यसपछिका कविता/काव्यहरूमा लेखनाथ शैलीगत दृष्टिले र परिपक्व र दार्शनिक दृष्टिले सचेत भइसकेका छन् । 'सङ्क्षिप्त भगवद्गीता' (१९७५) पूर्वीय दर्शनकै सारभूत सन्दर्भ हो । पछिल्ला अवधिका 'धन महिमा', 'धृतिशीलता', 'हिमव्यथा', 'गीताञ्जली' र 'गोरखा शिक्षा' पाँचौं भागका ३ ओटा कविताहरूमा पनि पूर्वीय दर्शनको कुनै न कुनै स्वरूप प्रकट भएका छन् । त्यसैले कवि लेखनाथमा १९७५ सम्ममा पूर्णतः पूर्वीय दर्शनको गहिरो प्रभाव परिसकेको र त्यसलाई कविता/काव्यका माध्यमबाट प्रकट गरिसकेका छन् । परिणामतः लेखनाथ पूर्वार्ध चरणमा नै सफल दार्शनिक कविका रूपमा परिचित बनिसकेका हुन् । कविभित्रको प्रतिभालाई पूर्वीय दर्शनले आकृष्ट गरिसकेको छ ।

## उत्तरार्ध चरण (१९९१ देखि २०२२ सम्म)

लेखनाथको काव्ययात्राको उत्तरार्ध चरण १९९१ बाट प्रारम्भ भएको हो । यस चरणका लेखनाका कविताहरूमा पूर्वीय दर्शन अझ प्रगाढ बन्दै गएको छ । 'शारदा' पत्रिकाको उदयसँगै लेखनाथको लेखनकला अझ परिष्कृत बन्दै जानु र 'ऋतु विचार' परिमार्जित रूपमा देखापर्नु लेखनाथको उत्तरार्ध चरणको प्रारम्भिक उपलब्धि हो । पूर्वीय दार्शनिक पक्षले उनका उत्तरार्ध चरणका कविता अझ बढी प्रभाव पारेको छ । 'ऋतु विचार' का केही पंक्तिहरूमा पूर्वीय दर्शन अझ परिपक्व बनेको छ । समालोचक वासुदेव त्रिपाठीका निम्न प्रसङ्गहरूले पनि यस विषयलाई अझ पुष्टि गरेका छन् : ''ऋतु विचारको परिवर्धन, परिष्कारपछि लेखनाथका कविता यात्रामा कवित्व र चैतन्य दुवैको अन्तर्विकास र परिष्कारको प्रक्रिया झन् तीव्र हुन लागेको पाइन्छ ।'' (त्रिपाठी, २०४२, पृ. १२३) माथिको भनाइमा प्रयुक्त 'चैतन्य' शब्दले चेतना वा पूर्वीय दर्शनलाई समेटेको छ । चैतन्य आत्मा हो । यही विषयलाई पुष्टि गर्दै भनिएको छ, : अज्ञानको पर्दा नहटेसम्म हरेक मानवले चैतन्यस्वरूप आत्मालाई चिन्न सक्दैन । (न्यौपाने, २०७२, पृ. ३६) कवित्व चेतनाका साथै दार्शनिक पक्ष पनि प्रबल बनेर उदाएको तथ्य यसै प्रसङ्गबाट पुष्टि हुन्छ । आधा शतक उमेर पार गरिसकेका लेखनाथमा पूर्वीय आध्यात्मिक दर्शनको अझ गहिरो प्रभाव पारेको छ । त्यसैले लेखनाथका उत्तरार्ध चरणका कविताहरू प्रायः सांस्कृतिक, नैतिक, धार्मिक, आध्यात्मिक र पूर्वीय दर्शनकै सेरोफेरोमा केन्द्रित छन् ।

लेखनाथको कविता/काव्ययात्राको उत्तरार्ध चरणलाई पनि दुई चरणमा विभाजन गर्न सकिन्छ। १९९१ देखि २००७ सालसम्मको अवधिलाई पहिलो चरण र २००८ सालपछि २०२२ सालसम्मको अवधिलाई दोस्रो चरणका रूपमा हेर्न सकिन्छ। प्रारम्भिक चरणदेखि नै देखापरेको दार्शनिक पक्ष कविता यात्राको अन्तिम चरणसम्म पनि सशक्त रूपमा नै विकसित भएको पाइन्छ।

उत्तरार्ध अवधिको पहिलो चरण दार्शनिक दृष्टिकोणले निकै सबल रहेको छ। लेखनकला परिमार्जित भएको यो चरण नितान्त पूर्वीय दर्शनको चरम विन्दु हो। (त्रिपाठी, २०४२, पृ. १२३) 'ऋतु विचार' बाहेक 'सप्त प्रश्नात्मक बुद्धि विनोदको पहिलो विनोद' (१९९४) पूर्वीय दर्शनको ज्वलन्त उदाहरण हो। यस चरणमा उनको नाट्य विधा 'लक्ष्मी पूजा' (१९९५) पनि देखापर्दछ। पूर्वीय दर्शनका परिपक्व र सघन प्रभाव परेका कविताहरू 'जीवन ज्योति' (१९९१), 'मुरली मोहन' (१९९२), 'पवित्र श्री गंगाजीको झाँकी' (१९९२), 'काल महिमा' (१९९२), 'जीवन चङ्गा' (१९९२), 'जीवन नदी' १९९२), 'गौँथलीको चिरिबिरी' (१९९२) आदि यसै चरणका प्रमुख उपलब्धिहरू हुन्। जीवनरूपी चङ्गा जुन यस धर्तीमा फरफर गरी फर्फराइरहे पनि कुन बेला चङ्गा चेट हुने हो थाहा नभएजस्तै यो जीवनको पनि कुनै भरोसा नरहेको शाश्वत सत्यलाई कविले प्रस्तुत गरेका छन्। जीवन क्षणिक छ। शून्य गगनमा चङ्गा विलिन भएजस्तै सारा प्राणीको जीवन सांसारिक जगत्बाट विलिन हुन्छ भन्ने प्रसङ्गहरू पूर्वीय दर्शनकै पक्षहरू हुन्। यिनै विषयहरूमा आधारित 'जीवन चङ्गा' कविता पूर्वीय दर्शनको परिपक्व चिन्तन हो। 'गौँथलीको चिरिबिरी' कवितामा अझ लेखकको दर्शन प्रगाढ बनेर कविताका रूपमा प्रकट भएको छ। जीवनलाई दर्शनको परिपाकसम्म पुऱ्याउँदै 'सत्य सन्देश', 'विवेक वाटिका' जस्ता मुक्तक शैलीका कविताहरूबाट कवि दार्शनिक, नैतिक, आध्यात्मिक चिन्तनतर्फ अभिप्रेरित भएका छन्। 'विज्ञानको मोह' (१९९५), 'पिंजराको प्यासा मैना' (१९९७), 'अध्यात्म वाटिकाको सानो सुगन्धी फूल' (१९९७) आदि कविताहरू दोस्रो चरणका पूर्वाध अवधिलाई परिपाकमा पुऱ्याउने सघन दार्शनिक चिन्तनयुक्त रचनाहरू मानिन्छन्। 'गौँथलीको चिरिबिरी' (२००४) अझ पूर्वीय दर्शनको पूर्ण परिपाक अवस्थाको उपज हो। मानवीय व्यक्तिगत प्रवृत्तिका विपरीत अन्तर्मुखी आर्ष सभ्यताको आध्यात्मिक जीवन खोजीमा कविता उन्मुख रहेको छ। विज्ञानले भौतिक वादको प्रतिनिधित्व गरेर विश्वलाई ध्वंसात्मक दिशातर्फ धकेलिरहेको हुनाले विज्ञानको मोह त्यागेर आध्यात्मिक चिन्तनतर्फ उन्मुख रहन कविले पूर्वीय दर्शनको आत्मिक अन्तर्ज्योतिको खोजी गरेका छन्। यस विषयलाई तलको पङ्क्तिले पुष्टि गरेको छ :

**यै छोटा जिन्दगीमा अमृत पद दिने विश्वकल्याणकारी**
**उस्तो अध्यात्म–विद्या–विषयक महिमा मोहले दूर सारी**
**फोस्रो विज्ञानमाथि जति जति गहिरो गर्दछौँ प्रेम हामी**
**रून्छिन् सम्पूर्ण पृथ्वी उति उति डरले थर्थराएर कामी।** (विज्ञानको मोह ५)

लेखनाथको कविता यात्राको दोस्रो चरणको भौतिक तथा भोगवादी जीवनमूल्य र त्यस मूल्यका कारणले उब्जेका सामाजिक वैषम्य तथा विश्व वैषम्यप्रति पनि सचेत हुँदै पूर्वीय अध्यात्म दर्शनको युगीन प्रस्तुतिमा आधारित उदात्त चेतनाको आह्वानतर्फ केन्द्रित भइरहेको तथ्य पुष्टि हुन्छ

(त्रिपाठी, २०४२, पृ. १२५) । जीवनबोधका आध्यात्मिक उदात्त चैतन्यको व्यापक अभिव्यञ्जना दोस्रो चरणको उत्तरार्धतिरका कविता/काव्यहरूको प्रमुख उपलब्धि हो । यो चरण लेखनाथको लेखन यात्रा पूर्णतः आध्यात्मिक चिन्तनमा नै केन्द्रित छ । शैली शिल्प र संरचनागत उच्च परिष्कारतर्फ कवि सशक्त बनिसकेका छन् भने दार्शनिक चिन्तनको परिवेश व्यापक र समृद्धशाली बन्दै गएको छ ।

सांसारिक जीवन भोगलाई क्षणिकताको संज्ञा दिँदै विज्ञानप्रतिको वितृष्णा जगाएर उच्च अध्यात्म ज्ञानको महिमा गान कवि यसरी प्रस्तुत गर्न पुग्छन् :

**यै छोटो जिन्दगीमा अमृत पद दिने विश्वकल्याणकारी**
**उस्तो अध्यात्म-विद्या-विषयक महिमा मोहले दूर सारी**
**फोस्रो विज्ञानमाथि जति जति गहिरो गर्दछौँ प्रेम हामी**
**रून्छिन् सम्पूर्ण पृथ्वी उति उति डरले थर्थराएर कामी ।** (विज्ञानको मोह ५)

प्रस्तुत पङ्क्तिले प्राणीको जीवनलाई क्षणिकताको संज्ञा दिएको छ । विज्ञान फोस्रो ज्ञान हो । विज्ञानप्रतिको मोहले पृथ्वी निरन्तर विध्वंशतिर उन्मुख भइरहेको र अध्यात्म ज्ञानले नै प्राणीको आन्तरिक जीवन सार्थक तुल्याउने हुनाले पूर्वीय दर्शनको आध्यात्मिक ज्ञानप्रति सचेत रहन कविले आग्रह गरेका छन् । यसबाट कवि लेखनाथमा विज्ञानप्रति पूर्ण वितृष्णा जागिसकेको र अध्यात्म ज्ञानप्रतिको अनुराग वृद्धि भएको पुष्टि हुन्छ । यसै गरी 'गौँथलीको चिरिबिरी' (२) मा कवि जीवको क्षणिकतालाई स्विकार्दै कुनै ईश्वरीय शक्तिमाथि विश्वस्त रहेको कुरा यसरी प्रस्तुत गर्दछन् :

**त्यो पनि थोरै दिनका लागि**
**आखिर जानै पर्दछ त्यागी**
**बटुवा सरि छौँ सब तिमी हामी**
**अगुवा एकै अन्तरयामी ।** (गौँथलीको चिरिबिरी १५)

यस पङ्क्तिले सांसारिक धन सम्पत्तिलाई क्षणिकता मानेको छ । यो सारा संसार एक दिन सबैले त्याग्नै पर्दछ । हामी सांसारिक जीवनका वटुवाहरू मात्र हौँ । हाम्रो आन्तरिक जीवनको अगुवा कुनै अन्तरयामी वा अदृश्य शक्ति कुनै अलौकिक अस्तित्व रहेको प्रसङ्ग यस अभिव्यक्तिबाट स्पष्ट भएको छ । त्यो अन्तरयामी शक्ति ईश्वरीय शक्ति वा वेदान्त दर्शनले मानेको परब्रह्म, सर्वशक्तिमान्, सृष्टि, स्थिति र प्रलयकर्ता हो भन्ने बुझिन्छ । यहाँसम्म आइपुग्दा कवि लेखनाथमा पूर्वीय दर्शनको पूर्ण प्रभाव परेको र दर्शनलाई आफ्ना रचनाहरूमा सहज रूपले प्रयोग गरेको पाइन्छ ।

लेखनाथ पौड्यालको कविता यात्राको दोस्रो चरणको पूर्वार्ध अवधि दार्शनिक दृष्टिकोणले सबैभन्दा उपलब्धिपूर्ण समय मानिन्छ । नैतिक, आध्यात्मिक र दार्शनिक चिन्तनमा आधारित यस अवधिका अधिकांश रचनाहरू पूर्वीय दर्शनकै विषयमा केन्द्रित छन् । जीवन, मरण, सांसारिक बन्धन र मुक्तिका प्रसङ्गका साथै भाग्यवादप्रति पूर्ण विश्वस्त लेखनाथलाई दार्शनिक परिपाकमा पुर्‍याउने मुख्य अवधि नै यस चरणलाई मान्न सकिन्छ । यसै चरणबाट लेखनाथको दार्शनिक पक्ष उत्कर्ष विन्दुमा विकसित भएको मानिन्छ ।

नेपालको राजनीतिक गतिविधिसँगै लेखनाथको कविता यात्रामा पनि केही परिवर्तनका पक्षहरू देखिएका छन् । प्रजातन्त्रको उदयले कविभित्रको स्वतन्त्रता काव्यका रूपमा प्रस्फुटित भएको पाइन्छ । तत्कालीन अवस्थाको युगीन परिवेशप्रति कविका कविताहरू अझ परिपक्व र प्रौढ बन्दै गएका छन् । विश्वबोध, मनुष्यप्रतिको आध्यात्मिक चैतन्य कविभित्र अझ सशक्त बनेर मौलाएको छ । 'देशबन्धुसँग अपिल' र 'जुगप्रभाति' (२००८) जस्ता कविताहरू प्रजातन्त्रको उदयपछि लेखिएका फुटकर रचनाहरू हुन् । 'अमर ज्योतिको सत्यस्मृति' (२००८) महात्मा गान्धीको महिमा गाइएको शोक काव्य हो । यसले पूर्वी दर्शनका विविध पक्षलाई उभिल्याउने प्रयत्न गरेको छ ।

पछिल्लो चरणमा लेखिएको 'तरुण तपसी' (२०१०) नव्य काव्य पूर्वीय दर्शनको अझ गहिरो र सशक्त काव्यका रूपमा देखापरेको कृति हो । सामाजिक जागरणका साथै औचित्यपूर्ण नैतिक, आध्यात्मिक तथा पूर्वीय दर्शनको भावभूमिमा केन्द्रित यस कृतिले कविभित्रको दार्शनिक पक्षलाई प्रस्तुत गरेको छ । ''जीवन बोधको प्रगतिवादी स्पर्शसहित उदात्त आध्यात्मिक भाव चिन्तनका केन्दीयतामा आफ्ना विविध प्रवृत्तिहरूलाई पनि समेट्दै आएको 'तरुण तपसी' (२०१०) नै उनको यस चरणको शीर्षस्थ कृति हो ।'' (त्रिपाठी, २९४२, पृ. १२६) कविभित्रको आध्यात्मिक ज्ञान दर्शनका रूपमा परिपक्व बन्दै गइसकेको सन्दर्भमा 'मेरो राम' (२०११) काव्यका रूपमा अझ विकसित भएको छ । उक्त काव्य रामभक्तिमूलक चिन्तनको ज्वलन्त उदाहरण मान्न सकिन्छ । आध्यात्मिक ज्ञान, आर्ष सभ्यता र नैतिक आदर्शबिना मानव जीवनले सार्थकता नपाउने निष्कर्ष नै पछिल्ला चरणका लेखनाथीय कविता काव्यहरूको निष्कर्ष हो । मानवीय जीवनमा अन्तरबाह्य पक्षको आध्यात्मिक चेतनामा रमाउँदै 'तरुण तपसी' सम्ममा आइपुग्दा लेखनाथलाई पूर्वीय दर्शनले पूर्णतः प्रभाव पारेको देखिन्छ । कविको समग्र काव्ययात्रामा पूर्वीय दर्शन नै बढी प्रबल बनेर देखापरेको छ । पछिल्ला चरणका 'डाँफे चरीका भालेपोथी' (२०१०), 'आमाको सम्झना' (२०१०), 'हाम्रो इन्द्रेणी' (२०१३) आदि उनका फुटकर रचनाहरू हुन् । यी रचनाहरूमा पूर्वीय दर्शनको भन्दा सांसारिक विषयवस्तुलाई नै बढी सशक्त बनाइएको पाइन्छ । कविता यात्राको अन्तिम विन्दुमा कविको आन्तरिक रूपमा रहेको भाग्यवादी प्रवृत्ति वा सांसारिक विषयवस्तुलाई बन्धनको संज्ञा दिएर जीवनको मूल लक्ष्य मोक्षप्राप्ति हो भन्ने विषयतर्फ कवि पुनः जोडिएका छन् । 'मेरो कैशोर' (२०२०), 'पूर्वस्मृति' (२०२२) तथा अपूर्ण अवस्थामा नै प्रकाशित 'गंगा गौरी' (२०६१) महाकाव्यले पनि लेखनाथलाई आध्यात्मिक जीवन चिन्तनतर्फ नै केन्द्रित गरेको छ । लेखनाथको 'आखिरी कविता' (२०२२) पनि ईश्वरीय सत्ताकै पक्षमा केन्द्रित छ । मानवीय शरीर वा हरेक जीवमा परमेश्वरको अंश रहने भएकाले सारा सांसारिक विषयहरू ईश्वरकै लीला हुन् भन्ने निष्कर्षमा कविको लेखनयात्रा टुङ्गिएको छ । छ दशकभन्दा लामो कविता काव्य यात्रामा लेखनाथको जीवन दृष्टि अध्यात्म र पूर्वीय दर्शनकै सेरोफेरोमा केन्द्रित देखिन्छ । उनी नैतिक, आध्यात्मिक पक्षका सर्वोत्कृष्ट प्रतिभा हुन् । 'वर्षा विचार' कविताबाट पूर्वीय दार्शनिक पक्षमाथि वकालत गर्दै आएका लेखनाथका थुप्रै फुटकर रचनाहरूमा पूर्वीय दर्शनको गहन प्रभाव रहेको छ भने 'तरुण तपसी' जस्तो नव्यकाव्यमा आइपुग्दा नैतिक, आध्यात्मिक र दार्शनिक पक्ष उत्कर्ष विन्दुमा पुगेको छ । कविता यात्राको अन्तिम विन्दुमा रचिएको 'आखिरी कविता' बाट

उनको लेखन यात्रा टुङ्गिन्छ र अन्ततः लेखनाथ दार्शनिक कविका रूपमा स्थापित हुन पुगेका छन् । पूर्वीय दर्शन लेखनाथको लेखन यात्राको सर्वाधिक सफलताको मार्ग हो । पूर्वीय दर्शनले नै लेखकलाई लेखन यात्राको उचाइमा पुऱ्याएको छ । कवि शिरोमणिको पगरी गुथाएको छ । दार्शनिक कविको अग्रपङ्क्तिमा उभ्याएको छ । कविको 'आखिरी कविता' ले पनि दार्शनिक पक्षमाथि नै विश्राम लिएको छ :

**यो दुःख भोग्ने परमेश्वरै हो**
**यो देह उनको रहने घरै हो**
**यो भत्कँदा दुःख अवश्य मान्छ**
**सुटुक्क सामान लिएर जान्छ ।** (आखिरी कविता)

हरेक जीवमा ईश्वरीय अंश रहन्छ त्यसैले जीवले जे अनुभव गर्छ त्यो ईश्वरकै अंशले भोग्ने गर्दछ । ईश्वरीय अंश जीवको संसर्गमा आएपछि जीवको अज्ञानताका कारण ईश्वरीय रूप पनि जीवझैँ सुख दुःखको अनुभव गर्न थाल्दछ भन्ने पूर्वीय दर्शनलाई यहाँ कविले सूक्ष्म रूपमा सङ्केत गरेका छन् ।

## निष्कर्ष :

लेखनाथ पूर्वीय दर्शनका पक्षधर हुन् । उनको जीवनमा प्रारम्भिक अवस्थादेखि नै पूर्वीय दर्शनका विविध पक्षहरूले प्रभाव पार्न थालेको पाइन्छ । नैतिक पक्षमाथि बाल्यकालदेखि नै जोड दिँदै आएका लेखनाथको ६० बर्से लेखन यात्राको अधिकांश समय पूर्वीय दर्शनकै सेरोफेरोमा केन्द्रित रहेको छ । प्रारम्भिक चरणमा शृङ्गारिक भावधाराले कविको मनलाई आकृष्ट गर्न खोजे पनि त्यसले प्रभाव भने पार्न सकेन । १९६३ को 'सुन्दरी' पत्रिकामा प्रकाशित 'कलिका विलासी' कविताबाट शृङ्गार धाराका विरुद्ध र आध्यात्मिक पूर्वीय दर्शनका पक्षमा लेखकको कलम झुक्दै गएको देखिन्छ । २०७३ को 'वर्षा विचार' सम्म आइपुग्दा लेखनाथमा पूर्वीय दर्शनले गहिरो प्रभाव पारिसकेको र १९९१ पछिका कविता काव्यहरूमा उनी पूर्णतः पूर्वीय दर्शनकै पक्षधर बनेर दर्शनलाई उत्कर्ष विन्दुमा पुऱ्याउने प्रयत्न लेखनाथबाट भएको छ । 'जीवन चङ्गा', 'काल महिमा', 'गौँथलीको चिरिबिरी', 'विज्ञानको मोह', 'पिंजराको प्यासा मैना' आदि रचनाहरू लेखनाथका पूर्वीय दर्शनसँग सम्बन्धित ज्वलन्त उदाहरणहरू हुन् । पूर्वीय दर्शनलाई परिपाकसम्म पुऱ्याउने काव्यका रूपमा 'तरुण तपसी' को भूमिका महत्त्वपूर्ण रहेको छ । अन्तिम 'आखिरी कविता' सम्म आइपुग्दासम्म पनि कविमा रहेको आध्यात्मिक दर्शनका पक्षहरू निरन्तर रूपमा लेखनाथलाई पछ्याइरहेका छन् । लेखनाथको कविता यात्राभित्र पूर्वीयदर्शनको अमिट छाप बनेर रहेको छ । दर्शनजस्तो गहन विषयलाई पनि सहज र सरल भाषामा प्रस्तुत गर्नु लेखनाथको प्रमुख विशेषता हो । यसरी १९६३ बाट बीजारोपण भएको पूर्वीय दार्शनिक पक्ष 'आखिरी कविता' सम्म आइपुग्दा परिपक्व रूपमा कविताभित्र समावेश भएको छ । पारिवारिक पृष्ठभूमिबाट नै आध्यामिक जीवनतर्फ उन्मुख भएका लेखनाथको बाल्यकालीन जीवन नै पूर्वीय दर्शनका विविध गतिविधिसँग जोडिएको थियो । उनको औपचारिक वा अनौपचारिक शिक्षाले पनि उनलाई अध्यात्मतर्फ डोऱ्याएको छ । माध्यमिक कालीन शृङ्गार धाराको विरुद्धमा कलम चलाउनाले पनि उनलाई पूर्वीय दर्शनतर्फ प्रेरित गरेको छ । यी

विविध कारणहरू नै लेखनाथमा पूर्वीय दर्शनको प्रभाव पर्नुका मुख्य आधारहरू हुन् भने लेखनयात्राको सफलताले उनलाई क्रमशः आध्यात्मिक चिन्तनतर्फ उन्मुख गराएको छ। सोहीअनुसार उनका कविताहरूमा पनि पूर्वीय दर्शनको गहन छाप परेको स्पष्ट देखिन्छ। अन्ततः लेखनाथ पूर्वीय दर्शनका सशक्त कविका रूपमा परिचित भएका छन्। त्यसैले लेखनाथलाई पूर्वीय दर्शनका आधिकारिक स्रष्टा मान्नु अपरिहार्य छ।

## सन्दर्भसूची

खनाल, नारायणप्रसाद. (२०५९). “ऋतु विचार खण्डकाव्यको अलङ्कार शास्त्रीय अध्ययन'' अप्रकाशित शोध प्रबन्ध. विद्यावारिधि. नेपाल संस्कृत विश्वविद्यालय दाङ।

तिमल्सिना, रामहरि. (२०५५). अनु. *जनकदर्शन.* भक्तपुर : जनकशिक्षा सामग्री केन्द्र।

त्रिपाठी, वासुदेव (२०३२). *नेपाली कविताको सिंहावलोकन.* (दो.सं.) ललितपुर : साझा प्रकाशन।

वासुदेव.(२०३४). “लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन” विद्यावारिधी, अप्रकाशित शोध प्रबन्ध त्रि.वि.कीर्तिपुर।

(२०४२). कविशिरोमणि लेखनाथका प्रतिनिधि कविता. काठमाडौं : श्री ५ को सरकार सूचना विभाग। (२०४६). लेखनाथका प्रमुख कविता. ललितपुर : साझा प्रकाशन।

थापा, बमबहादुर. (२०६२).“लेखनाथका कवितामा नैतिक पक्ष”. विद्यावारिधि अप्रकाशित शोध प्रबन्ध. नेपाल संस्कृत विश्वविद्यालय।

न्यौपाने, नेत्रप्रसाद, (२०७२) “लेखनाथका कवितामा बन्धन र मुक्ति”.दर्शनाचार्य, अप्रकाशित शोधप्रबन्ध त्रि.वि. कीर्तिपुर।

भट्टराई, पद्मप्रसाद. *सांख्य दर्शन. दर्शन प्रवेशिका.* (दार्शनिक लेख सङ्ग्रह).

मिश्र, वीरेन्द्र. *दर्शनशास्त्र एक परिचय.* काठमाडौं : श्रीमती श्यामा मिश्र. २०४०।

मिश्र, सर्वेशचन्द. “भारतीय दर्शन मे जीवनमुक्ति की अवधारणा''. विद्यावारिधि शोध प्रबन्ध. ललितनारायण मिथिला विश्वविद्यालय दरभङ्गा. सन् १९९०।

शर्मा, चन्द्रधर. *भारतीय दर्शन आलोचना और अनुशीलन.* : दिल्ली : मोतीलाल बनारसीदास. सन् १९९८।

सिन्हा, हरेन्द्रप्रसाद. *भारतीय दर्शनकी रूपरेखा.* दिल्ली : मोतीलाल बनारसीदास. सन् १९८३।